**Voice : A Biannual & Bilingual Journal**
*2024 June, Vol : 16, No. 1, pp.174-185*
DOI : https://doi.org/10.3126/voice.v16i1.67430

# बसाइँ उपन्यासमा विचारधारा

**अनिल अधिकारी**[१]

**रेखा रेग्मी**[२]

**Article Information : Received :** April 16, 2024 **Revised :** May 27, 2024 **Accepted :** June 26, 2024

## लेखसार

प्रस्तुत लेखमा बसाइँ उपन्यासमा अभिव्यञ्जित लेखकीय विचारधाराको खोजी र विश्लेषण पाठविश्लेषणात्मक गुणात्मक अनुसन्धानविधिमा भएको छ । विचारधाराको विषय आदिकालमा गुरुशिष्य परम्परामा भएको विमर्शात्मक परम्पराबाट विकसित भए पनि वर्तमान विचारधाराको विकासमा मार्क्सवादको योगदान रहेको छ । पछिल्लो समय मार्क्सवादसँगको अन्तर्मथनमा मार्क्सवादी तत्त्वको समर्थन र विरोधसहित ग्राम्सी र अल्थ्युसरले यसको सैद्धान्तिक आधार निर्माण गरेका छन् । मूलभूत रूपमा राजनीतिक विषय भए पनि साहित्यिक सन्दर्भमा विचारधाराको विषय साहित्यकारले साहित्यिक पाठमा सहभागीका विचार, कथ्यको मूलभाव, लेखकको दृष्टिकोण वा सारतत्त्वमा निहित भाष्यको विश्लेषण गरी प्रकाशमा ल्याउने विषय रहेको छ । सामाजिक संरचनाको वर्णनका क्रममा समाजका किनारीकृत समुदायको पक्षमा नरही वर्गीय, जातीय र लैङ्गिक रूपमा समाजमा उपेक्षित रहेको वर्ग उनको भाग्य र नियतिका कारण समाजबाट विस्थापित हुनुपरेको निष्कर्ष निकालेका उपन्यासकारले परिवर्तित राजनीतिक सन्दर्भलाई आत्मसात् नगरी सामन्तवादी सत्ताले उत्पादन गरेको ज्ञानलाई अभ्यन्तरित रूपमा अङ्गीकार गरेका छन् । यस लेखले सत्ताप्रदत्त ज्ञानलाई प्रसारण गर्ने परम्परित बुद्धिजीवीको भूमिका निर्वाह गरेका लेखकको विचारधारा समाजिक संरचनामा सत्तापरस्त तथा समाजमा सामन्तवाद, पितृसत्ता र उच्चजातीय विचारधाराको पक्षधर रहेको विषयमा विमर्श भएको छ ।

**शब्दकुञ्जी:** समाज, सामाजिक संरचना, सत्ता, ज्ञान, पक्षधरता, विचारधारा

[१]उपप्राध्यापक, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर
[२]उपप्राध्यापक, म्याग्दी बहुमुखी क्याम्पस, बेनी
Corresponding Author: aniladhikaribhojpur@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## विषयपरिचय

यथार्थवादी ज्ञानमीसांसालाई अवलम्बन गरी लेखिएको प्रस्तुत बसाइँ उपन्यास बसाइँसराईको अन्तर्राष्ट्रियकरण भइरहेको आधुनिककालीन मानव सभ्यतासँग सम्बन्धित छ। आधुनिक सभ्यताको विकासपछि भएका दुई महायुद्ध समाप्त भएसँगै साम्राज्यवादको पतनका रूपमा महाशक्ति राष्ट्रको शक्तिहीनता तथा उपनिवेशवादी राष्ट्रतर्फ औपनिवेशिक राष्ट्रका नागरिकहरूको आप्रवासनका गतिविधि नै अन्तर्राष्ट्रिय रूपमा बसाइँसराइले वैधता प्राप्त गर्ने कारक रहेका छन्। यसका अतिरिक्त भूमण्डलीकरण, पुँजीवादको उदार चरित्र, आर्थिक उपनिवेश स्थापना गर्ने उद्देश्यले सञ्चालन भएका गैरसरकारी संस्थाका क्रियाकलाप तथा वैदेशिक रोजगारीजस्ता सामाजिक/आर्थिक कारणले बसाइँसराइलाई अन्तर्राष्ट्रियकरण गर्न मार्ग प्रशस्त गरेको छ । यसका अतिरिक्त खुला सीमा भएका राष्ट्रका हकमा सामाजिक, सांस्कृतिक, आर्थिक तथा दैनिक जीवनपद्धतिसँग बसाइँको सम्बन्ध जोडिएको छ। आर्थिक समस्याको समाधान, पारिवारिक निवृत्ति र कतिपय अवस्थामा समाजका रहेको असन्तुलनका कारण बसाइँसराइको क्रम निरन्तर रहिरहने भए पनि राजनीतिक परिवर्तनले विस्थापित गर्न नसकेको सामाजिक संरचना र संस्कृतिका कारण सामाजिक शोषण र विभेदको शिकार भएका विपन्न समुदायका मानिस खुला सीमाको फाइदा उठाएर आफ्नो बासस्थान छोडी प्रवासिने नेपाली समाजको यथार्थको प्रतिनिधिमूलक र काल्पनिक कथ्यका रूपमा सृजना भएको 'बसाइँ' उपन्यास २०१४ सालमा प्रथमपटक प्रकाशित भएको हो। नेपाली साहित्यमा यथार्थवादी धारालाई निरन्तरता दिएको यस उपन्यासमा पूर्वी पहाडी जनजीवनका निम्नवर्गीय समुदायले झेल्नुपरेका समस्यालाई सजीव रूपमा उठान गरी बसाइँ हिँड्नुपर्ने अवस्थालाई प्रस्तुत गरिएको छ। नेपालीले बसाइँ हिँड्नुपर्ने कारण खोजिएको यस कृतिमा २००७ सालको राजनीतिक परिवर्तनले आत्मसात गर्न नसकेको आर्थिक, सामाजिक संरचनामा सीमित सामन्तको आधिपत्यका कारण विभेदमा परेका बहुसङ्ख्यक नेपाली बसेको र बाँचेको तत्कालीन नेपाली समाजले उत्पादन गरेको ज्ञानबाट सम्पृक्त हुननसकेको लेखकीय विचारधारा विषयक अध्ययनका लागि रिक्त स्थान रहेको छ।

यस अध्ययनको पूर्णताका लागि बसाइँ उपन्यासका विषयमा भएका प्रतिनिधि पूर्वकार्यको समीक्षा गरी रिक्त स्थानको पहिचान गरिएको छ। प्रस्तुत कृति प्रकाशन भएपछि अध्ययन, चर्चा/परिचर्चा, विश्लेषण, मूल्याङ्कन, समालोचना र अनुसन्धेय विषयका रूपमा चर्चामा रहेको छ भने पूर्वकार्यको समीक्षाका लागि नेपाली उपन्यास र उपन्यासकार (२०५२), नेपाली उपन्यास परम्परा र प्रवृत्ति (२०५३), समालोचनाको बाटोमा (२०६१) जस्ता सैद्धान्तिक र प्रायोगिक समालोचनाग्रन्थका अतिरिक्त यथार्थ प्रस्तुतिका दुई उपन्यास : मुलुकबारि र बसाइँ शीर्षक अनुसन्धानात्मक लेखको उपयोग भएको छ। "श्रम गरेर पनि टिक्न नसकिने सामन्ती शोषण-व्यवस्था र खुसीराजीले विहे गर्न चाहे पनि जातीय र सामाजिक सङ्कीर्णताको आधारमा समाजले बहिष्कार गर्ने दण्ड-भयबाट देश छाड्न विवश नेपालीको दुःखान्त यथार्थ यस उपन्यासले प्रस्तुत गरेको छ" (प्रधान, २०५२, पृ. १०२)। "नेपालभित्रको आर्थिक विपन्न मान्छेको दैनिक जीवन विकराल थियो र त्यस विकरालताको कारण तत्कालीन सामाजिक अर्थव्यवस्था र सामन्ती संस्कृतिको ढाँचा निकै दमनकारक थियो। आर्थिक दृष्टिले विपन्न मानिने मान्छे न धार्मिक दृष्टिले प्रतिष्ठित मानिन्थ्यो न सामाजिक दृष्टिले" (सुवेदी, २०५३, पृ. १०२)। बसाइँमा अभावग्रस्त सामाजिक जिन्दगानीको मर्म मधुर चित्र अङ्कित छ। यसमा गरिब तथा प्रपीडित गाउँले आत्माको कारुणिक आवाज प्रतिध्वनित भएको छ। "बसाइँ नेपाली समाजको वास्तविक अनुहार देखाउने ऐना हो। धने, मैना, झुमा, मोटे कार्कीका जीवन पद्धतिमा नेपालको आर्थिक र सामाजिक जनजीवन राम्ररी प्रतिबिम्बन भएको छ" (शर्मा, २०६१, पृ. ७८)। "गरिबी र आर्थिक दुरावस्थाबाट गुज्रिएका नेपालीहरू सामाजिक शोषण र अत्याचारबाट प्रताडित हुँदै प्रवासिन बाध्य हुनु समकालीन नेपाली समाजको यथार्थ हो भने तत्कालीन समयको सामाजिक संरचनामा विद्यमान शोषणको भयावह अवस्थालाई

सहजै पूर्वानुमान गर्न सकिन्छ" (अधिकारी, २०६३, पृ. ११४) । उपर्युक्त सन्दर्भमा आएका पूर्वकार्यले बसाइँ उपन्यासमा प्रतिबिम्बित विचारधारासम्बन्धी विषय र त्यसको अध्ययन क्षेत्रलाई उठान गरेको छ। उपर्युक्त पूर्वकार्यमा उपन्यासले प्रस्तुत गरेको सामाजिक संरचना तथा उक्त संरचनामा अवशिष्ट ज्ञानका कारण समाजमा विद्यमान आर्थिक शोषणले अधिकतर नेपाली प्रवासिन बाध्य रहेको कारण र कार्यलाई प्रस्तुत गरेको छ। उपर्युक्त पूर्वाध्यायनको अन्तर्यमा रहेको विवेचनाबाट यस अध्ययनका लागि चयन गरिएको शाधसमस्या रिक्त र अध्ययनीय सामग्री रहेको छ।

विचारधाराको अध्ययन परम्परा प्राचीन रहे पनि आधुनिक कालको उपलब्धिका रूपमा रहेको मार्क्सवादी दर्शनले यसको नूतन र वैज्ञानिक व्याख्या गरेको छ। विचारधारा राजनीतिक सिद्धान्तलाई कार्यान्वयन गर्ने विषय हुँदाहुँदै पनि साहित्यका सन्दर्भमा पाठमा पाठकले प्राप्त गर्ने वर्गीय सम्बन्ध, स्वरूप, समाजिक सत्तासम्बन्ध र सामाजिक सांसारिकताका बारेमा लेखकको दृष्टिकोणलाई समीक्षा गर्ने अध्ययनपद्धतिका रूपमा रहेको छ। स्रष्टाले सृजनाका क्रममा निर्माण गरेका भाष्यमा अन्तर्निहित शासक वर्ग/समुदाय र शासित समुदाय बीचको सम्बन्ध, केन्द्र र किनारा तथा तिनीहरू बीचका परस्परिक सम्बन्धमा अन्तर्निहित समता, समानता, विभेद र वञ्चितीकरणको अतिरिक्त सामाजिक संरचनालाई सर्जकले कसरी प्रस्तुत गरेको छ ? भन्ने विषयका केन्द्रीयतामा विचारधारा खोजी प्रकाशमा ल्याउने समालोचनापद्धतिका रूपमा यसको विकास भएको हो। असमान सामाजिक पर्यावरणलाई आख्यानीकरण गरेको प्रस्तुत उपन्यासमा नेपाली समाजमा अवशिष्ट सामन्तवादी विचारधारा तथा त्यसलाई अभ्यन्तरीकरण गरेका समुदायले सामाजिक शोषण र विभेदप्रति निर्णायक प्रतिकार नभई सङ्घर्षका स्थानमा पलायन रोजेको सन्दर्भमा आएको लेखकीय विचारधारा बहुसङ्ख्यक शासित समुदायका विचारका व्यतिरेकमा शासकीय सामन्तवादी विचारधाराका रूपमा सम्प्रषित भएका छन् । उपन्यासले सामन्तवादी सामाजिक संरचनामा विद्यमान विचारका विरूद्धमा हुन नसकेको प्रतिकारका कारण आफ्नो बासस्थान गुमाएर प्रवासिन बाध्य भएका नेपालीको जीवनपद्धतिलाई मुख्य विषय र प्रवासिनु पर्ने कारणलाई आख्यानीकरण गरेको छ।

यस अध्ययनका लागि सैद्धान्तिक पूर्वकार्यका रूपमा भृकुटी सस्कृतिक विशेषाङ्क (२०७४),मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशशास्त्र (२०७३), सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ (२०७७), मार्क्सवादी साहित्यचिन्तन (२०६७)का साथैआइडोलोजी एन्ड आइडोलोजिकल स्टेट अपार्टस् र द प्रिजन नोटबुकजस्ता सन्दर्भग्रन्थमा विचारधारा विषयक विश्लेषणलाई लिइएको छ। उपर्युक्त ग्रन्थमा सङ्गृहीत अमर गिरी, रमेशप्रसाद भट्टराई, लक्ष्मणप्रसाद गौतम, चैतन्य आदि स्रष्टाका सैद्धान्तिक समालो चनाका अतिरिक्त रमेश भट्टराईको वर्गीय अध्ययनका सिद्धान्तहरू, ओमप्रकाश ग्रेवालको विचारधारा र साहित्यको अन्तर्सम्बन्ध, कुँवरपाल सिंहको मार्क्सवाद र साहित्य तथा ताराकान्त पाण्डेयको संस्कृति, सांस्कृतिक अध्ययन र मार्क्सवादजस्ता विभिन्न पुस्तकमा रहेका विचारधारासम्बद्ध सैद्धान्तिक समालोचना यस अध्ययनका लागि महत्त्वपूर्ण पूर्वकार्यका रूपमा आएका छन् । यस अध्ययनमा उपर्युक्त पूर्वकार्यमा रहेका विचारधाराकेन्द्री प्रतिमानलाई सिद्धान्त र कृतिविश्लेषण गर्ने सामग्रीका रूपमा चयन र प्रयोग गरिएको छ। नेपाली समालोचना र अनुसन्धानका क्षेत्रमा सांस्कृतिक अध्ययनको प्रतिमान विचारधाराकेन्द्री पद्धतिको स्थापनामा देशमा भएका पटकपटकका राजनीतिक सङ्घर्षबाट प्राप्त परिवर्तनसँगै एकात्मक राज्यव्यवस्था विरुद्धको प्रतिरोधी चेतना र प्रतिरोधी विचारधाराको विकास प्रमुख कारकको रूपमा रहेको छ। यस अध्ययनमा विचारधाराको सैद्धान्तिक पर्याधारलाई उपयोग गरी लेखकीय विचारधाराको खोजीलाई अध्ययनको प्रमुख समस्याका रूपमा उठान गरिएको छ। सैद्धान्तिक पूर्वकार्यका लागि प्रयोग गरिएका सामग्रीले विचारधाराको विषयमा प्रस्तुत गरेका तर्कलाई आधार सामग्रीका रूपमा लिई सैद्धान्तिक पर्याधार र विश्लेषणविधि निर्धारण गरी बसाइँ उपन्यासमा लेखकीय विचारधाराको अध्ययन गरिएको छ।

## समस्याकथन

दोस्रो विश्वयुद्धको समापनसँगै औपनिवेशिक राष्ट्रहरूमा आएको स्वतन्त्रताको लहर, राष्ट्रराज्यका नागरिकको उपनिवेशवादी राज्यतर्फ स्थानान्तरण अन्तर्राष्ट्रिय बसाइँसराइको पहिलो वैधानिक कारण बनेको छ । उदार पुँजीवादले स्थापना गरेको भूमण्डलीकरणका कारण सुरु भएको आप्रवासनका साथै वैदेशिक रोजगारी र विकसित मुलुकको शिक्षाप्रणालीप्रतिको आकर्षणका कारण विश्वमा बसाइँसराइको लहर चलेको हो । नेपाली समाजमा रहेको सामन्तवादी विचारधारालाई परिवर्तन गर्न नसकेको २००७ सालको राजनीतिक परिवर्तन तथा पुरानै सत्ताले स्थापना गरेको प्रभुत्वका आडमा शासन गर्न बानी परेका सामन्तको शासनपद्दतिमा विद्यमान शोषण, विभेदका कारण आर्थिक अवस्था कमजोर भएका नागरिकले आफ्नो थातबास गुमाउनु पर्ने अवस्थाको परिकल्पना गरिएको बसाइँ उपन्यासमा विभेदकारी सामाजिक संरचना र संस्कृतिको चित्रण भएको छ। यथार्थवादी ज्ञानमीमांशालाई आत्मसात गरी उपन्यास लेख्ने लीलबहादुर क्षेत्रीको प्रस्तुत उपन्यासमा आर्थिक सत्तामाथि एकाधिकार प्राप्त गरेका सामन्तले गरेको आर्थिका शोषण र तिनको विचारधारालाई जुनसुकै अवस्थामा पनि ग्रहण गर्नुपर्ने निम्नवर्गको अवस्था प्रस्तुत भएको छ । पूर्वाध्ययनबाट प्राप्त रिक्तताका आधारमा यस उपन्यासमा लेखकीय विचारधारलाई मूल समस्याका रूपमा राखी उपन्यासमा प्रस्तुत विचारधाराको खोजी गरिएको छ । अध्ययनको पूर्णताका लागि बसाइँ उपन्यासमा विचारधारा विषयलाई मुख्य समाधेय समस्या बनाइ निम्नलिखित शोधप्रश्नको प्राज्ञिक उत्तर खोजिएको छ :

क. बसाइँ उन्यासमा वर्गसम्बद्ध विचारधारागत अवस्था के-कस्तो रहेको छ ?

ख. उपन्यासले जाति र लिङ्गसम्बद्ध विचारधारालाई कसरी प्रतिबिम्बित गरेको छ ?

ग. उपन्यासमा लेखकीय विचारधाराको प्रयोग किन भएको छ ?

उपर्युक्त मूल समस्या र शोध्यप्रश्नको निराकरण गर्नु नै यस अध्ययनको उद्देश्य रहेको छ। यस अध्ययनमा विचारधारासम्बद्ध समग्र पक्षको अध्ययन नगरी लेखकीय विचारधारामा मात्र केन्द्रित रहनु यसको सीमाङ्कन हो ।

## अध्ययन र विश्लेषण विधि

यस लेखका लागि विश्लेषणको क्षेत्र बसाइँ उपन्यास हो । अध्ययनको पूर्णताका लागि यसको सामग्री सङ्कलन, अध्ययनविधि तथा सैद्धान्तिक आधारका सम्बन्धमा निम्नलिखितअनुसार रहेको छ ।

### अध्ययनविधि

प्रस्तुत लेखको समस्यासित सम्बन्धित सामग्रीहरूको सङ्कलन प्राथमिक र द्वितीयक स्रोतबाट गरिएको छ। प्राथमिक स्रोतको सामग्रीको रूपमा लीलबहादुर क्षेत्रीद्वारा लिखित बसाइँ उपन्यास रहेको छ । द्वितीयक सामग्रीको रूपमा आधारभूत सैद्धान्तिक सामग्रीका लागि विभिन्न अनुसन्धानात्मक ग्रन्थ तथा लेखहरू रहेका छन् । सामग्री विश्लेषणका लागि कृतिकेन्द्री गुणात्मक अनुसन्धान ढाँचा र विश्लेषण विधिको उपयोग गरिएको छ । शोध्यप्रश्न 'क'को समाधानका लागि उपन्यासमा प्रयुक्त वर्गसम्बद्ध तथा 'ख'का लागि लिङ्ग र जातिसम्बद्ध दृष्टिकोणका बारेमा पाठमा प्रस्तुत भएका उद्धरणका आधारमा विवेचना गरिएको छ । शोध्यप्रश्न 'ग'को समाधानका लागि लेखकको विचारधारात्यक दृष्टिकोणका आधारमा कृतिको मूल्याङ्कन गरिएको छ। सांस्कृतिक अध्ययनको सिद्धान्तमा समेटिने विविध प्रतिमानलाई छाडी विचारधारालाई मात्र कृति विश्लेषणको सिद्धान्त चयन गरिएको छ। यस अध्ययनका पाठक आधुनिक नेपाली उपन्यासको विचारधाराका विषयमा अध्ययन गर्ने अध्येता, जिज्ञासु, अनुसन्धानकर्ता र विद्यार्थी रहनेछन् ।

**सैद्धान्तिक आधार**

विचारधारा राजनीतिक विषयका रूपमा प्राचीन ग्रिसेली ज्ञानमीमांशासँग जोडिई विकसित भएको दार्शनिकता रहेको छ । सामाजिक संस्कृतिको प्रतिबिम्बन हुने साहित्यिक पाठमा समाजमा विद्यमान विचारधारा यथार्थको काल्पनिक पुनर्सृजनका रूपमा आउने हुनाले सामाजिक वस्तुताको यथार्थपरक अभिव्यक्तिको चित्रण साहित्यमा आउने तथ्य सिद्ध रहेको छ । पाश्चात्य यथार्थवादी दार्शनिकता अनुप्रणित ज्ञानशास्त्रले उत्पादन गरेको ज्ञान र उक्त ज्ञानप्रदत्त दर्शनले स्थापित गरेका मानकलाई अवलम्बन गरी यस कृतिको कथ्य निर्माण भएको छ । समाजसम्बद्ध मानव संसारमा रहेको वस्तुपरक चित्रण गर्ने यथार्थसँग जोडिएको ज्ञानमीमांसालाई कलात्मक रूपान्तरण गरी तयार भएको यस उपन्यासले सामन्तवादी सामाजिक संरचनाले उत्पादन गरेको ज्ञान र विचारधारालाई अभ्यन्तरित रूपमा अङ्गीकार गरेका निम्नवर्गीय समुदायको जीवनशैली र चेतनालाई आख्यानीकरण गरेको छ । समाजका शासक र तिनको विचारधारालाई ग्रहण गरेको शासित समुदाय तथा शासकीय विचारधाराका विरुद्ध प्रतिरोधी चेतना नभएका पात्र तथा तिनको परिवेशसँगै सामन्तवादी विचारधाराकै पृष्ठपोषण गर्ने लेखकीय विचारधाराको प्रस्तुति यस उपन्यासमा भएको छ ।

राजनीतिक विषयको केन्द्रीय तत्त्वका रूपमा रहेको विचारधारा प्राचीन गुरुकुल परम्परामा विद्यमान विमर्शात्मक पद्धतिबाट विकसित भई आधुनिक राजनीतिक दर्शन र समाजसम्बद्ध समग्र विषयलाई प्रभावित तुल्याउने विषय बनेको छ । राज्यका नीति र सिद्धान्तका विषयमा विशद् चर्चा गर्ने क्रममा संवाद र अन्तर्क्रियाका माध्यमबाट विकसित भएको विचारधाराको आधुनिक शृङ्खला निर्माण हुने आधार बेलायती पुँजीवादी राजनीतिक/आर्थिक संरचना, फ्रान्सेली राज्यक्रान्ति, जर्मनेली आध्यात्मिक आदर्शवादी दर्शनसँगको गहन अन्तर्मन्थनबाट भएको हो । अठारौं शताब्दीमा राजनीतिक, कानुनी, सौन्दर्यात्मक, धार्मिक विचारहरूको प्रणाली एवम् दर्शनका रूपमा स्थापित विचार धाराको विस्तृत चर्चा वैज्ञानिक समाजवादका प्रणेता कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सले गरेका हुन् (गिरी, २०७०, पृ. ३०) । यी चिन्तकद्वयले विचारधारालाई आर्थिक आधारको उपरि संरचनामाथि हुने प्रतिबिम्बनका रूपमा अर्थ्याई यसकै जगमा सत्ताले शासकीय स्वरूप र राज्यका निर्देशक सिद्धान्त निर्मित र निर्देशित गर्ने हुनले यो माथिल्लो अङ्गका रूपमा रहने तर्कलाई दार्शनिक रूप दिएका छन् । मार्क्सवादसँगको विमर्शात्मक अन्तर्मन्थन गरी परवर्ती विश्लेषक ग्राम्सी र अल्थ्युसरले विचारधारालाई उपरि संरचनाको एकाइका रूपमा नभई आधारका रूपमा रहने सिद्धान्तको निर्माण गरेका छन् । विचारधारा नै समाज सञ्चालनको महत्त्वपूर्ण आधार रहेको तथ्य औंल्याउने ग्राम्सी (सन् १९७१) का विचारमा :

> विचारधारा मानवीय सामाजिक संरचनासँगै संवेदनासँग जोडिएको विषय हो । मान्छेका विचार, तिनका मूल्यका अतिरिक्त विचारधारा अन्य केही हुनसक्दैन । मानव संवेदनामा विद्यमान संशयले विचारधारा निर्माणको आधारको कार्य गर्दछ । विचारधारा निर्माणका लागि सामाजिक प्रथा/प्रचलन, धार्मिक आस्था र विश्वासले प्रकार्यात्मक भूमिका खेलेका हुन्छन् (पृ. १५) ।

मार्क्सको सामाजिक संरचना निश्चित घटनाद्वारा निर्माण र निर्धारण हुने निश्चित र निर्धारणवादी तर्कमा ग्राम्सीको असहमति रहेको छ । मार्क्सवादप्रदत्त विचारधारामा आर्थिक आधार (उत्पादक शक्ति र उत्पादनको सम्बन्ध) तथा उपरि संरचना (राजनीतिक-कानून र राज्य) र विचारधारात्मक (सांस्कृतिक, धार्मिक, नैतिक, शैक्षिक आदि)को समन्वयले समाजको निर्माण हुने आधार रहेका छन् । मार्क्सवादको तर्कका व्यतिरेकमा अल्थ्युसर विचारधाराले आधार र उपरि संरचनालाई परस्परमा जोड्ने दृष्टिकोण राख्दछन् । अल्थ्युसर (सन् १९७०) मार्क्सवादी विचारधारासँगको विमर्शबाट विचारधारा सामाजिक संरचनालाई निर्देशित गर्ने भावनात्मक विषय रहेको तथ्य स्थापित गर्दै लेख्छन् :

मार्क्सवादले सामाजिक संरचनालाई हेर्ने दुई दृष्टिकोण आधारको सम्बन्धमा विचारधाराका स्वायत्तता तथा आधार र उपरि संरचनाबीच पारस्परिक सम्बन्ध रहन्छ । तथापि विचारधारा त्यस प्रकृतिको हुन्छ जसले सामाजिक संस्कृतिका माध्यमबाट उत्पादन पद्धतिका रूपमा रहेको आधारलाई गत्यात्मकता प्रदान गर्दछ । परस्परमा भिन्न तर एकअर्कामा अन्तर्सम्बन्धित अवधारणाको योगका रूपमा रहने विचारधाराको प्रतिबिम्बनले सामाजिक संरचनालाई निर्देशित गर्दछ (पृ. ७) ।

विचारधारा राजनीतिक विषय भएकाले यसको प्रभाव राजनीतिका माध्यमबाट सामाजिक संरचनाका सबै तहमा पर्ने निश्चित रहेको त छ नै यसका अतिरिक्त मानवीय संवेदनासँग प्रत्यक्ष जोडिएको साहित्यमा यसको प्रभाव संस्कृतिका रूपमा रहने गर्दछ । सत्ताले उत्पादन गरेको ज्ञानलाई प्रशारण गर्ने माध्यमका रूपमा साहित्यले विचार धारालाई सम्प्रेषित गरेको हुन्छ ।

विचारधारा सम्प्रेषणका लागि राज्यले दमनकारी र विचारधारात्मक एकाइको उपयोग गरेको हुन्छ जसमा विचारधारात्मक अङ्गअन्तर्गत संस्कृतिको एकाइका रूपमा साहित्यले सत्ताको विचारधारालाई सम्प्रेषण गर्ने कार्य गर्दछ। “ग्राम्सीले बिना बल प्रयोग पनि समाजभित्र रहने विभिन्न वर्गलाई आफ्नो प्रभुत्वमा ल्याउन सकिने धारणा राखेका छन् । वार्ता र सहमति दुई आधारभूत तत्वका माध्यमबाट समाजमा विचार, मूल्य विश्वास निर्माण गरेर प्रभुत्वशाली विचारधारालाई स्थापित गरिन्छ” (पाण्डेय, २०७४, पृ. ६४) । यस आधारमा प्रभुत्वशाली विचारधाराको स्थापना बलपूर्वक नभई स्वतस्फूर्त हुने गर्दछ जुन विचारको बलले समाजका उत्पीडित वर्ग शोषित, पीडित नभई शाषित भइरहन स्वीकार गरेका हुन्छन् । शोषित/उत्पीडित वर्ग शोषित नभएको चेतना स्थापित गर्न शासकले विभिन्न विचारधाराका अङ्गलाई परिचालन गरेको हुन्छ ।

विचारधारा दर्शन, राजनीति, कानुनी, नैतिक, सौन्दर्यात्मक विचारको प्रणाली भएकाले सामाजिक संरचना सञ्चालन र यसको गत्यात्मकताका लागि यो शक्तिशाली भूमिकामा रहन्छ । साहित्य सत्ताप्रदत्त र प्रतिरोधी ज्ञानको प्रशारण गर्ने माध्यम हो । साहित्यकारले सत्ताप्रदत्त ज्ञानलाई समर्थनसहित सृजनाका माध्यमबाट विचारधाराका रूपमा प्रस्तुत गरेका अथवा सत्ताप्रदत्त ज्ञानका विरुद्धमा प्रतिरोधी ज्ञानको उत्पादन गरी शासितहरूमा प्रतिरोध चेतनाको विकासका लागि गरेको हुन्छ । साहित्यकारले आफ्ना कृतिमार्फत् प्रस्तुत गरेको विचारधारा शासकीय विचारधाराको पक्षमा र विरुद्धमा आई प्रतिरोध संस्कृतिको निर्माणमा प्रभावकारी भूमिका निर्वाह गर्ने अवस्था जीवन्त रहने गर्दछ । आर्थिक आधारको उपरि संरचनामा हुने सांस्कृतिक प्रतिबिम्बनको एकांशका साहित्यले सत्ताले उत्पादन गरेको ज्ञान र उक्त ज्ञानमा सन्निहित विचारधाराको पृष्ठपोषण गर्ने प्रकृतिका विषयलाई समावेश गरिएका साहित्यले प्रभुत्व स्थापना गर्न मद्दत पुऱ्याइरहने हुनाले साहित्य संस्कृतिको अभिन्न अङ्गका रूपमा रहने धारणा मार्क्सवादी दर्शनको रहेको छ । मार्क्सवादी दर्शनलाई विकास र विस्तार गर्ने सन्दर्भमा परवर्ती चिन्तकहरूले साहित्यलाई संस्कृतिको अभिन्न अङ्गका रूपमा लिई साहित्य समाजमा रहेका विचारधारालाई सम्प्रेषण गर्ने प्रभावकारी माध्यम रहेको तथ्यलाई निरन्तरता दिएका छन् । मार्क्सपछाडिका चिन्तक अल्थ्युसरले संस्कृतिलाई उत्पादनपद्दतिसँग जोडी आधारको अङ्गका रूपमा संस्कृतिनिष्ठ विचारधारा नै साहित्यमा प्रतिबिम्बित हुने तथ्यको पृष्ठपोषण गरेका छन् । यस विषयमा मार्क्स र अल्थ्युसरको तर्कमा ग्राम्सीको सहमति रहेको छ । विचारधारा समाजले ग्रहण गरेको संस्कृतिको एक अङ्गका रूपमा साहित्यमा अभिव्यक्त भएको हुन्छ ।

साहित्यमा विचारधाराको अध्ययन लेखकले कृति सृजनाका क्रममा समाज, सामाजिक संरचना र सामाजिक संस्कृतिलाई कुन रूपमा प्रस्तुत वा चित्रण गरेको छ भन्ने आधारमा निर्धारण हुने हुनाले पाठमा प्रयुक्त विचारधाराको खोजी पाठमा प्रस्तुत भएका पात्रबीचको सत्तासम्बन्ध, वर्चश्व र अधिनस्थता, विभेद र वञ्चितीकरणका अतिरिक्त

समाज र सामाजिक संरचनाप्रतिको लेखकीय दृष्टिकोणका अन्तरसाक्ष्यमा खोजी तिनलाई समीक्षात्मक रूपमा गरिन्छ। "साहित्यिक रचनामा व्यक्तिको अनुभवका सबै सारभूत र केन्द्रीय पक्ष व्यक्त हुने भएकाले उसको बाहिरी आवरणका रूपमा भिरेको विचारधाराको जामा र भित्री तहमा रहेको विचारधाराको जामाको अन्तर्विरोध मुखर रूपमा प्रकट हुन्छ" (ग्रेवाल, २०६७, पृ. २४२)। समाज र सामाजिक संरचनामा अवशिष्ट विचारधाराको प्रभाव र प्रतिबिम्बन हुने साहित्यिक पाठमा लेखकीय विचारधाराका रूपमा सारतत्वप्रस्ततुत भएका हुन्छन्। असमान वर्गीय संरचनाबाट निर्माण हुने सामाजिक पद्धतिभित्र रहने लेखकको अन्तस्करणले सामाजिक स्थतिको बोध गरेपछि समाजप्रदत्त ज्ञानको पुनर्निर्माण गर्ने क्रममा सृजना हुने साहित्यमा समाज र सामाजिक संरचनाप्रतिको दृष्टिकोण अपेक्षित रहने गर्दछ। समाजको सचेत सदस्यका रूपमा रहेको साहित्यकारले समाजका वर्गविशेषको विचारधारालाई ग्रहण गरी सृजना गर्ने भएकाले स्रष्टाले आफू बाँचेको परिस्थितिलाई नजिकबाट अनुभूति गरेको हुन्छ। स्रष्टाको परिवेश राजनीतिबाट असम्पृक्त रहने हुनाले राजनीतिक विचारधाराको प्रत्यक्ष प्रभाव साहित्यमा प्रतिबिम्बित हुने हुनाले स्रष्टा विचारधारा निरपेक्ष रहनु असम्भव रहेको छ। "मार्क्सवादका अनुसार, राजनीति र साहित्य त्यस अधिरचनाका अङ्ग हुन् जसको वर्गीय आधार समाज हो। दुवैमा शोषक र शोषितका बीचमा हुने सङ्घर्षहरूको अभिव्यक्ति हुन्छ" (सिंह, २०६७, पृ. १३३)। स्रष्टाले सृजनामा आफू बसेको र बाँचेको परिवेशलाई अभ्यन्तरीकरणगरी सृजनात्मक वृत्तिलाई पूर्णता दिने हुनाले स्रष्टाले समाजमा रहेका समुदायका बारेमा जुन तथ्यलाई जुन रूपमा प्रकाशमा ल्याउँछ त्यो विषय नै लेखकीय विचारधाराका रूपमा कृतिभित्र अन्तर्भूत रहेको हुन्छ। विशेषतः विचारधारा समाजमा विद्यमान यथार्थ विषयमा आधारित रहने भएकाले सामाजिक संरचनामा जुन वस्तुता रहेका छन् तिनै वस्तुताको पुनर्निर्माण साहित्यिक पाठमा आएको हुन्छ।

पश्चिमी भूगोलमा मार्क्स, एङ्गेल्स, ग्राम्सी र अल्थुसर हुँदै विचारधारासम्बन्धी मान्यता विभिन्न चरणमा विकास भएका हुन्। "वर्ग, जाति, जनजाति, राष्ट्रियता आदिका सम्बन्धमा विश्लेषण गर्ने कुराका लागि व्यवहारिक छन् र तिनले साहित्यिक कृतिमा शासक र पछिपरेका वर्गको विचारधाराको प्रतिबिम्बन कसरी हुन गएको छ भन्ने कुराको विश्लेषणका लागि पनि आधार प्रदान गर्दछन्" (भट्टराई, २०७७, पृ. ३४३)। साहित्यिक कृतिमा व्यक्त विचारलाई विद्यमान सामाजिक संरचनाबाट अलग गरेर बुझ्न नसकिने सैद्धान्तिक र व्यवहारिक कठिनाई रहेका छन्। लेखकीय विचारधारा सृजनाका क्रममा लेखकले कथ्य निर्माण गर्दा प्रस्तुत गर्ने आशयका रूपमा आएका हुन्छन्। यसप्रकारको आशय विषयवस्तु, परिवेश, भाव वा सारका रूपमा सृजनाभित्र अभिव्यञ्जित भएका हुन्छन्। वर्ग विभाजनको स्पष्ट आरेख पाइने नेपाली समाजको प्रतिनिधि विषयमा आधारित उपन्यास सिर्जना गरेका उपन्यासकारले सामाजिक संरचनाले ग्रहण गरेको विचारधारा र लेखकीय विचारधाराले प्रतिनिधित्व गरेको सांस्कृतिक निर्मितिसँगै औपन्यासिक विचारधारा वर्गीय, जातीय र लैङ्गिक आधारमा प्रष्ट देखिने गरी प्रस्तुत गरेका छन्। विचारधाराका रूपमा रहेको उपर्युक्त सैद्धान्तिक पर्याधारका आधारमा सङ्कलित सामग्रीको विश्लेषणका लागि कृतिकेन्द्री अध्ययन पद्धति र गुणात्मक अनुसन्धान ढाँचाको उपयोग गरिएको छ। यस अध्ययनलाई निष्कर्षमा पुऱ्याउनका लागि वर्णनात्मक र विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ।

## सामग्री विश्लेषण र नतिजा

यथार्थवादी ज्ञानमीमांसालाई अङ्गीकार गरी संरचित बसाइँ उपन्यासले २००७ सालको राजनीतिक परिवर्तनले आंशिकबाहेक परिवर्तन गर्न नसकेको सामाजिक एवं आर्थिक व्यवस्थाबाट सृजित परिणतिलाई विषयवस्तुका रूपमा चयन गरेको छ। नेपाली समाजको संरचना असमान आर्थिक वितरणबाट निर्माण भएको छ। यस उपन्यासले ग्रामीण परिवेशमा बसोबास गर्ने गरिब समुदायमाथि हुने सामन्तले गर्ने आर्थिक शोषण, विभेद र वञ्चितीकरणको

सशक्त र घनीभूत चित्रण गरेको छ । बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र वर्गीय व्यवस्था रहेको सामाजिक परिवेशभित्र सामन्तको हातमा रहेको सत्ता र प्रभुत्वका आडमा तिनले गरिब समुदायमाथि गर्ने आर्थिक शोषणका कारण ब्याजको भार थाम्न नसकी प्रवासिन बाध्य पारिने विपन्न समुदायको वास्तविकतालाई उपन्यासमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा लेखकीय विचारधाराको प्रतिबिम्बन तथा प्रयोगलाई यसप्रकार विवेचना गरिएको छ ।

**वर्गसम्बद्ध विचारधारा**

समाजको अर्थव्यवस्थालाई नियन्त्रणमा लिएका सामन्तले निर्धारण गरेको चर्को ब्याज, तिनै सामन्तको एकाधिकारका बीच आर्थिक उपार्जनको वैकल्पिक खोजी र जिजीविषाका लागि सङ्घर्ष गर्ने निम्नवर्गीय धनेजस्ता पात्र कसरी शोषण र विभेदका कारण बसाइँ हिँड्न बाध्य परिन्छन् भन्ने यथार्थको उद्‍बोधन उपन्यासमा भएको छ । समाजमा अवस्थित सामन्त वर्ग र उत्पीडित वर्गको अन्तर्सङ्घर्षमा उत्पीडित वर्गमाथि सामन्त वर्गको विजय देखाई सामाजिक, आर्थिक विभेद, वञ्चितीकरण र शोषणको उत्कर्षका रूपमा धनेको गाउँबाट बहिर्गमनसम्मका घटनाक्रममा आएका वर्गसम्बद्ध लेखकीय विचारधाराको समीक्षण यसप्रकार  प्रस्तुत गरिएको छ ।

प्रस्तुत बसाइँ  उपन्यासमा लेखकीय विचारधारा सामाजिक सत्ताद्वारा उत्पादित ज्ञानलाई निरन्तरता दिने क्रममा शासकीय ज्ञानको पक्षधरतासम्बद्ध भई प्रस्तुत भएका छन् । सामन्तवादी समाज व्यवस्थामा उत्पादन भएको ज्ञानलाई वितरण गरी तिनको उपभोगका लागि निम्नवर्गप्रति असहिष्णु बनेका उपन्यासकारले गरिबको जीवनचेतना र जीवनशैली असभ्यताको उत्कर्षमा रहेको हुन्छ भन्ने अभिजात वर्गको विचारधारात्मक सन्दर्भलाई निरन्तरता दिएका छन् । समाजमा अवशिष्ट गरिबीलाई असभ्य रूपमा चित्रण गरेका उपन्यासकार उपन्यासको आरम्भदेखि अन्त्यसम्मका कैयौं सन्दर्भमा प्रतिरोध र तटस्थ भूमिका निर्वाह गर्नबाट चुकेका छन् । नेपाली सामाजिक संरचना र सन्दर्भका विषयमा जानकार रहँदारहँदै पनि समाजमा अवशिष्ट वर्गीय, जातीय, लैङ्गिक, भौगोलिक विषयलाई सूक्ष्मतापूर्वक केलाउने प्रयास गरेका उपन्यासकारको विचारधारा किनारीकृत समुदायको आवाजसम्मत नभई सत्तापक्षीय विचारधाराको पृष्ठपोषक भएको प्रमाण पाउन सकिन्छ । सामन्तवादी विचारधाराका पक्षपाती रहेका स्रष्टा गरिब र श्रमजीवीको जीवनचेतना र क्रियाकलाप असभ्य, बर्बर, क्रूर र हृदयहीन हुन्छ भन्ने विचारधार ाको केन्द्रविन्दुमा आफैंले चयन गरेको नायकका माध्यमबाट प्रस्तुत गर्दछन् । ''हातले खोस्रेर सिरानीमुनि घुसारी राखेको आगोको भर्भराउँदो अगुल्टो झिकी अँगेरीको पातमा बेरेको सूर्तीको ठूटो सल्काउन थाल्यो'' (क्षेत्री, २०७७, पृ. १) । आख्यान संरचनामा नायक/प्रमुख पात्र प्रत्येक निर्णयक मोडलाई अग्रगति र निकास दिने भूमिकाबाट भिन्न असभ्य रहेको छ । गरिबीको मारमा परेका नेपाली समाजको प्रतिनिधि धनेलाई गरिबकै बीचबाट पनि सभ्य/सुसंस्कृत भूमिकाबाट बञ्चित गरी गरिब र उत्पीडितहरू असभ्य हुन्छन्, असभ्यताका कारण गरिब र सम्भ्रान्त वर्गको सोच एवं जीवनचेतनामा पर्याप्त अन्तर रहने लेखकको वर्गीय चेतना वर्गमैत्री नरही हासकीय विभारका पक्षपाती रहेको स्वतः सिद्ध हुन्छ । असभ्यता जीवनचेतनाकै अङ्गका रूपमा लिएका निम्नवर्गका पात्र पाठसंसारमा जुनसुकै भूमिकामा आए पनि तिनको विचार असभ्य र बर्बरनै रहने दृढता प्रस्तुत गर्न उपन्यासकारले कुनै कसर राखेका छैनन् । विम्नवर्गको बर्बरतालाई सामाजिक अपराध परिभाषित गर्ने कार्यमा लेखकीय विचारधारा अग्रसर भएको छ । सहनशीलता, उच्च नैतिकता र उदात्त जीवनशैली बाँच्ने सामन्तका सामु श्रमजीवीको आक्रोशलाई पाशविकताका रूपमा प्रस्तुत गर्न पनि लेखक पछि परेका छैनन् ।

> ''आफूलाई समाल्न नसकी बौलाहा झैं भएर कोदालो पासोपट्टि फर्काई दुई हातले उचालेर ऊ भैंसीमाथि झम्ट्यो । अलि सिम भएकोले भैंसीका खुट्टा हिलामा भासिएर छिटो दगुर्न सक्दैनथ्यो त्यसैले भैंसी छेउमा पुग्दा धनेले छसातपल्ट कोदालोको पासोले हिर्काइसकेको थियो । रिस र दुःखको आवेशमा धनेले पशुप्रतिको आफ्नो प्रेम पनि भुलिसकेको थियो'' (पृ. ३४) ।

सम्भ्रान्त विचार र जीवन शैलीको समर्थन र पृष्ठपोषण गर्ने तथा उपन्यासकार गरिब र उत्पीडितको पक्षमा छैनन् भन्ने लेखकीय विचारधाराको पुष्टि गर्न यो सन्दर्भ पर्याप्त रहेको छ । बर्बरता र पश्चातापको शृङ्खला देखाई गरिबहरू क्रूर, निर्दयी र हृदयहीन हुन्छन् भन्ने सामन्तवादी सामाजिक संरचनाको पृष्ठपोषण गर्ने लेखकीय विचारधारलाई यस उद्धरणले पुष्टि गरेको छ । विचारधाराको सैद्धान्तिक प्रतिमानलाई आधारमानी यस उपन्यासको लेखकीय विचारधारालाई मूल्याङ्कन गर्दा वर्गीय पक्षधरताको विरोधी र सामाजिक सत्ताले उत्पादन गरेको ज्ञानको पक्षधर भई अङ्गीकार र समर्थन गरेको छ ।

### जाति र लिङ्गसम्बद्ध विचारधारा

बसाइँ उपन्यासको समाज ब्राह्मणवादी समाज व्यवस्थाको पूर्वपीठिकामा उभिएको छ । राजनीतिक इतिहासमा २००७ सालको परिवर्तनले पनि प्रभाव नपारेको ग्रामीण समाजको अन्तरङ्गभित्रका अभ्यन्तर पक्षलाई उपन्यासले बाहिर निकालेको छ । नेपाली समाजको ब्राह्मणवादी जातिव्यवस्था र त्यस व्यवस्थाका आधारमा सञ्चालित समाजभित्र देखिने जातीय अहम्‌को पर्याप्त विवेचना उपन्यासमा भएको छ । "आ ... हामी पनि क्षेत्री हौं भान्सा चलिहाल्छ खानपिन गरेर यतै सुत्ने" (पृ. ९) । वर्गीय दृष्टिमा किनारीकृत समुदायको सदस्य भएर पनि धनेमा जातीय उच्चताको अहम् रहेकै छ । उपन्यास अध्ययनका क्रममा धने आर्थिक कारणले उत्पीडित रहे पनि जातीय आधारमा धनेको उच्चजातीय वर्चश्वलाई स्थापित गर्न लेखकीय विचारधारा प्रतिबद्ध रहेको छ । "पोहोर बित्थामा बैदारको पड्के तेसीमा भोटेका तिहुन ... " (ऐजन, २७), "साने घर्तीलाई उसले कसेर एक थप्पड गालामा हिर्कायो " (पृ. ३२) । जस्ता उद्धरणमा जातीय आधारमा क्षेत्री जातिको सर्वोच्चतालाई महिमामण्डित गर्ने लेखकीय विचार धाराको पुष्टि भएको छ । लेखकले लेउते दमाईंले धनेलाई गरेको जदौ, बुधेलाई प्रयोग गरेको डाङ्ग्रा शब्द, जाति र समुदाय लक्ष्यित भोटेका तिहुन र साने घर्तीलाई बजियाजस्ता हेयार्थक शब्द मात्र नभई दलित समुदायका सदस्यलाई दिइएको नाम लेउते, बुधेजस्ता शब्द प्रयोगले व्यक्ति र समुदाय दुवैस्तरमा पहिचानको विद्रुपीकरण गरिदिएका छन् । उपन्यामा प्रयोग गरिएका पात्र र तिनका क्रियाकलापका आधारमा जातीय विभेदद्योतक घटनाको प्रत्यक्ष चित्रण नभए पनि लेखकीय विचारधारा उच्चजातीय वर्चश्व र विभेदीकरणलाई स्थापित गर्ने दिशामा अग्रसर छन् ।

बसाइँ उपन्यास पितृसत्तात्मक समाज व्यवस्थाको पूर्वपीठिककामा उभिएको छ । पितृसत्ताले उत्पादन गरेको अर्थको उत्पादन र विचारधारालाई उपन्यासका नारी पात्रले पनि स्वीकार गरेका छन् । उपन्यासका सबै नारीपात्र पितृसत्ताका कारण सीमान्तीय बनेका छन् । उपन्यासका मैना, झुमा, नन्देकी स्वास्नी, ठूली, घर्तिनी कान्छी, गोमा लगायतका नारी पात्र पूर्णत पितृसत्ताबाट दमित र उत्पीडित रहेका छन् । उपन्यासका नारी पात्रले लोग्नेको सत्ताप्रदत्त वैचारिकतालाई अभ्यन्तरित रूपमा स्वीकार गरेका छन् । आफूमाथि भएको दमन र उत्पीडनको पूर्वाभाषसमेत नभएका नारीहरू लोग्नेको सुखमा वैभव देख्ने मानसिकताबाट ग्रस्त रहेको वैचारिकीलाई उपन्यासकारले प्रस्तुत गरेका छन् । "तपाईंले अह्राएर गरेकी हुँ र तपाईंले भो भन्दा भो हुने, नभन्दा नहुने ? मेरो खुसीले पो गर्दैछु त" (पृ. १३) । महिलाहरू पुरुषको नियन्त्रणमा रहेका सामाजिक प्राणी हुन् तथा यिनको शक्ति, र सीमा पुरुषबाट सुरु भई पुरुषमै समाप्त हुने विचारधारालाई निरन्तरता दिन उपन्यासकारले मैनाका माध्यमबाट अप्रत्यक्ष रूपमा पितृसत्तात्मक विचारधारालाई प्रवाहित गरेका छन् । पितृसत्ताको विचारलाई अभ्यन्तरित गरेका नारीको भूमिका प्रस्तुत गरी सिङ्गो नारी समुदायलाई पुरुषको आधीन तुल्याइइको छ । नारीवादी विचारधाराको सम्भावना शून्य र नारीमैत्री चिन्तनको अवशेषसम्म प्रस्तुत नगरिएको सिङ्गो सङ्कथनमा लेखकीय विचारधारा पितृसत्तात्मक विचार धारकै निरन्तरताका रूपमा आएको छ ।

उपन्यासकारले पितृसत्ताको पृष्ठपोषण गर्ने लेखकीय विचारधारालाई मैनाका माध्यमबाट प्रस्तुत गरेका छन् । ''दाजुले थाहा पाउँदा के गति होला तिम्रो ? हामी सबका मुखमा मोसो दल्यौ-कहाँ मुख लुकाउनु हामीले भोलि कुरो फैलिसम्ता तिमीलाई गाउँकाले थुक्छन्, कहाँ लुक्छचौ अनि ?यस्तो हुनुभन्दा त पहिले नै मर्नु नि बरू अब तिमीलाई मर्नुसिवाय अरू बाटो छैन ...'' (पृ. ४६) । पितृसत्ताको विचारधारालाई अभ्यन्तरित रूपमा आत्मसात् गरेकी मैनाले गर्भवती झुमाको अवस्था र स्थितिलाई नारीको दृष्टिबाट नभई पुरूषको दृटिबाट हेरेर लाञ्छित गरेकी छ । सत्ताप्रदत्त विचारका कारण आफूस्वयं दमित रहँदारहँदै पनि आफ्नो पहिचानलाई बिर्सिएकी मैना नन्दका माध्यमबाट नारी समाजले पुरूष वर्चश्वलाई स्वीकार गरी बिना प्रतिरोध दमित परिवेशमा रहन अभ्यस्त भई सकेको तथ्यलाई पुष्टि गर्न उद्दत रहेकी छ । झुमाको यस्तो अवस्था सिर्जना हुनुमा झुमा मात्र कारक होइन यसको मुख्य कारक समाजमा अवस्थित नारीविरोधी लैङ्गिक विचारधारा र पितृसत्ता हो । रिकुटेको बासनात्मक प्रेम सम्बन्धलाई अप्रत्यक्ष रूपमा पुरूषार्थ देख्ने समाजले झुमाको प्रेम र विश्वासलाई कलङ्क सावित गर्न पुरूषको नभई नारीलाई नै माध्यमका रूपमा प्रयोग गरेको छ । मैनाले झुमामाथि लगाएको कलङ्कको आरोप र आफ्नोभन्दा पनि समाजमा दाजुको इज्जत जाने भयलाई देखाउनु दमित अवस्थामा रहेका नारी समुदायको प्रतिनिधि आवाजका रूपमा अभिव्यक्त भएको छ । मैनाका माध्यमबाट पितृसत्तात्मक लेखकीय विचारधाराको प्रसारण गर्न यस उद्धरणले अहम् भूमिका खेलेको छ ।

## उपन्यासमा लेखकीय विचारधारा

प्रस्तुत उपन्यासमा लेखकीय विचारधाराको प्रयोग सामन्तवादी सामाजिक संरचना, ब्रह्मणवादी जातीय व्यवस्था र पितृसत्तात्मक लैङ्गिक विचारधारा र तिनले स्थापना गरेको ज्ञानमीमांसालाई प्रसारण गर्ने प्रयोजनका भएका छन् । गरिबी र उत्पीडनको मारमा परेर पनि विद्रोह गर्न नसक्ने सामन्तवादी प्रभुत्व र संस्कृतिलाई आत्मसात गर्न बाध्य निरिह समुदायको निरिहतालाई हेरेर बस्ने तथा अप्रत्यक्ष रूपमा समर्थन गर्ने लेखकीय विचारधारा प्रयोगको केन्द्रमा रहेको छ ।

> पसिनामा हाड घोट्ने परिश्रमजिवी पिठोको निम्ति आँसु बहाउँछन् तिनै जीवको घोटिएको हाड एकत्र पारेर चाट्नेहरू अर्कोतिर ऐस गर्छन् । के भाग्य त्यही हो त ? होइन विधाता त्यति अन्यायी छैनन् । भाग्य मानिसको व्यवस्थाबाट बन्छ । भाग्य निर्भर गर्छ समाजको सुव्यवस्थामा, समाजको सहयोगमा, समाजमा पाइने सुयोग र सुविधामा (पृ. ५०) ।

विपन्नहरू भाग्य र नियतिको साहारामा बाँच्दछन् । विपन्न वर्गका लागि सङ्घर्ष र सङ्घर्षबाट प्राप्त उपलब्धि मात्र एउटा नियति वा संयोगका रूपमा साथ लागेर आएको हुन्छ । गरिब गरिबीको कारण उसको श्रमकार्य नभई विधाता निर्दिष्ट हुन्छ भन्ने विमर्शलाई यस उद्धरणले पुष्टि गरेको छ । अल्थ्युसरको परमतत्त्व विषयक विचार धारालाई सङ्केत गर्ने यस उद्धरणले गरिबीको जड वा कारण व्यक्ति र उसको श्रमकार्य नभई उसको भाग्य हो भन्ने लेखकको आशयलाई पनि प्रमाणित गरेको छ । समाजले गरिबमाथि गरेको अन्यायको प्रतिकारका विकल्पमा उसको भाग्य/नियतिको खेल वा दोष रहेको देखाउने लेखकको वर्गसम्बन्धी विचारधाराको प्रयोग सामन्तवादी सत्ताको पृष्ठपोषण गर्न समर्थ रहेका छन् ।

वर्गीय व्यवस्थामा बैदार र नन्दे ढकालजस्ता सामन्तको विचारधारालाई समर्गन गर्ने लेखकीय विचारधारा जातीय भूमिमा धने बस्नेत र लैङ्गिक भूमिमा मैनामार्फत् प्रसारित भएका छन् । ब्राम्हणवादी जाति व्यवस्थाअनुसार दलित समुदायको सदस्य भए पनि सम्पन्नताका कारण उच्चवर्गकै प्रतिनिधित्व गरेको लेउते दमाईंजस्ता चरित्रलाई

निम्नवर्गको धनेका सामु नतमस्तक गराइएको छ। धनेका माध्यमबाट जातिव्यवस्थाको वकालत गरेका उपन्यासकारले सम्पन्नताका आडमा जो कोही वा सीमान्तीकृत जातिले अभिजातीय संस्कृतिको स्थान प्राप्त गर्न नसक्ने अभिप्राय प्रस्तुत गरेका छन् । धने आर्थिक रूपले लेउते दमाईं, बुधे कामी, साने धर्तीजस्ता पात्रका सामु दमनीय, उपेक्षित र तल्लो जातिकै समकक्षी रहे पनि जातीय सबालमा उसको उच्च स्थान रहेको तथ्यलाई महिमामण्डित गर्न लेउते दमाईंले धनेलाई "...जदौ साहेब" (पृ. ४) गरेको सन्दर्भ र धनेको मुखबाट बुधे कामीलाई गाली गराएको "...तर डाङ्ग्राले किन दिनु" (पृ. १३) जस्ता सन्दर्भले लेखकको उच्चजातीय विचारधाराप्रतिको झुकाब र उच्चजातीय वर्चश्वलाई स्थापित गरेको छ ।

पितृसत्तात्मक वैचारिकताबाट माथि उठ्न नसकेको लेखकीय विचारधारा नारी पक्षधरताबाट विमुख तथा नारीलाई पितृसत्ताको मुखवीरका रूपमा परिभाषित गरी नारीमैत्री विचारधारालाई समेत अङ्गीकार गर्न चुकेको छ । यस उपन्यासका आधारमा लेखकीय विचारधारा पितृसत्ताको पक्षपाती रहेको स्पष्ट हुन्छ । उपन्यासका नारी पात्र परिवारभित्रै आफ्नो आवाजलाई दमित अवस्थामा राख्नुपर्ने परिवेशबाट गुज्रिएका छन् । नारीले आफ्नो विचार प्रकटीकरणका लागि मेलापात, हाटबजार, पानीपँधेरोजस्ता स्थानलाई चयन गर्नुपर्ने अवस्था नेपाली समाजमा वर्तमानसम्म पनि प्रथाकै रूपमा रहेको छ । पितृसत्तात्मक समाज व्यवस्थाभित्र दमित जीवन व्यतित गरेका ठूली, कान्छी घर्तिनी, गोमाजस्ता किनारीकृत नारीले झुमाका विषयमा गरेको कुराकानीलाई पँधेर्नी संस्कारका रूपमा परिभाषित गर्न उपन्यासको छब्बीसौं परिच्छेदको दुईतिहाई अंश खर्चिएका छन् । समाजको यथार्थपरक अभिव्यक्तिलाई उद्धरण मानी सृजना गरिएको बसाइँ यथार्थवादी उपन्यास रहेकोमा दुई मत नरहे पनि उच्चवर्ग, उच्च जात र पितृसत्ता विषयमा लेखकीय विचारधारा तटस्थ नरही पूर्वाग्रहपूर्ण रहेको छ ।

## निष्कर्ष

यथार्थवादी ज्ञानमीमांसालाई अङ्गीकार गरी संरचित बसाइँ उपन्यासले २००७ सालको राजनीतिक परिवर्तनले परिवर्तन गर्न नसकेको सामाजिक र आर्थिक संरचनाले सिर्जना गरेको परिस्थितिलाई विषयवस्तुका रूपमा चयन गरेको छ । यस उपन्यासमा विचारधाराको प्रयोग लेखकले चयन गरेको विषय, पात्र, परिवेश र सार तत्त्वका रूपमा आएका छन् । विचारधारा राजनीतिक विषय भए पनि पछिल्लो समय यसले साहित्यको अनुसन्धान र विश्लेषण गर्ने प्रतिमानका रूपमा पनि स्थान प्राप्त गरेको छ । दर्शन, राजनीति, कानुनी, नैतिक, सौन्दर्यात्मक विचारको प्रणाली भएकाले सामाजिक संरचना सञ्चालनजस्ता विषयमा यसको सघन भूमिका रहने गर्दछ । सत्ताप्रदत्त र प्रतिरोधी ज्ञानको प्रसारण गर्ने माध्यमका रूपमा रहेको साहित्यमा स्रष्टाले सत्ताप्रदत्त ज्ञानलाई समर्थन र सत्ताप्रदत्त ज्ञानका विरुद्धमा प्रतिरोधी ज्ञानको उत्पादन गरी शासितमा प्रतिरोध चेतना निर्माणका लागि गरेको हुन्छ । साहित्यकारले आफ्ना कृतिमार्फत् प्रस्तुत गरेको विचारधारा शासकीय विचारधाराको पक्षमा र विरुद्धमा आई प्रतिरोध संस्कृतिको निर्माणमा तिनले निर्माण गरेको भाष्यका आधारमा खोजी गरिन्छ । समाज, सामाजिक संरचना, समाजचित्रणका क्रममा लेखकले निर्माण गरेको भाष्य सत्ताप्रदत्त वा विरोधी छ भन्ने विषयका आधारमा लेखकीय विचारधारा प्रस्तुत भएका हुन्छन् । यस उपन्यासमा सामाजिक संरचनो निर्माण गरेको ज्ञानको समर्थनमा लेखकीय विचारधाराले निरन्तरता पाएको छ । नेपाली समाजको संरचना असमान आर्थिक वितरणबाट निर्माण भएको छ भने उपन्यासले ग्रामीण परिवेशमा बसोबास गर्ने गरिब समुदायमाथि सामन्तले गर्ने आर्थिक शोषण, विभेद र वञ्चितीकरणको सशक्त र घनीभूत चित्रण गरेको छ । वर्ग विभेद र असमान शक्तिसम्बन्धको प्रभावकारी चित्रण भएको उपन्यासमा आएका घटनाक्रमले सामन्तको शोषण विभेदलाई बिना प्रतिकार स्वीकार गर्ने पर्ने ज्ञानलाई समर्थन गर्ने लेखकीय विचारधारा निम्नवर्गप्रति असहिष्णु सिद्ध छ । लेखकीय विचारधाराले जातीय विभेदबाट सृजित

सामाजिक अव्यवस्था, उत्पीडन र सीमान्तीयतालाई प्रमाणित गर्ने दृश्यात्मक आरेख नरहे पनि ब्रह्मणवादी विचार धाराका उद्धरणमा लेउते दमाईं, बुधे कामी, साने घर्ती, घर्तिनी कान्छी र भोटे जातिलाई प्रत्यक्ष र अप्रत्यक्ष रूपमा उच्चजातीय पहिचान भएका पात्रबाट प्रयोग गरिएको हिंसात्मक सम्बोधनप्रतिको समर्थनले समाजमा अवस्थित जातीय शोषणको अवस्थालाई समर्थन गरेको छ । पितृसत्ताप्रदत्त ज्ञानलाई वितरण गर्ने घटना र तिनको पात्रसँगको अन्तर्सम्बन्धलाई विवेचना गर्दा उपन्उासका सबै नारी पात्र मैना, झुमा, नन्देकी स्वास्नी, ठूली, गोमा, घर्तिनी कान्छी आदि पितृसत्ताको अधिनस्थ बनेका छन् । उपन्यासका नारी पात्रलाई कुनै पनि स्वनिर्णयको अधिकार दिइएको छैन । उपन्यासका नारी पात्र पितृसत्ताको विचारधारालाई अभ्यन्तरित गरी स्वीकार गरेको भूमिकामा प्रस्तुत भएका छन् । समाजले गरिबमाथि गरेको अन्यायको प्रतिकारका विकल्पमा उसको भाग्य/नियतिको खेल वा दोष रहेको देखाउने लेखकको वर्गसम्बन्धी विचारधारा सामन्तवादी सत्ताको पृष्ठपोषक रहेको छ । उपन्यासमा प्रयोग गरिएका पात्र र तिनका क्रियाकलापका आधारमा जातीय विभेदद्योतक घटनाको प्रत्यक्ष चित्रण नभए पनि लेखकीय विचार धारा उच्चजातीय र पितृसत्ताको पक्षपाती रहेको स्पष्ट हुन्छ । समाजको यथार्थपरक अभिव्यक्तिलाई उद्धरण मानी सृजना भएको बसाइँ उपन्यासमा उच्चवर्ग, उच्चजात र पितृसत्ताको पक्षधरताले लेखकीय विचारधारा पूर्वाग्रहपूर्ण र किनारीकृत समुदायको विपक्षमा रहेको निष्कर्ष दिएको छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, अनिल (२०६३). “यथार्थ प्रस्तुतिका दुई उपन्यास : मुलुकबाहिर र बसाइँ”, शार्दूल वर्ष-२ (२-३), पृ. १०७-११६ ।

गिरी, अमर (२०७०). ‘‘सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा’’. भृकुटी, पूर्णाङ्क १९, पृ. १०-४० ।

ग्रेवाल, ओमप्रकाश (२०६७). ‘‘विचारधारा र साहित्यको अन्तर्सम्बन्ध’’. मार्क्सवादी साहित्यचिन्तन. निनु चापागाईं (सम्पा.), साझा प्रकाशन ।

क्षेत्री, लीलबहादुर (२०७४). बसाइँ. (उनन्चालीसौं संस्क.), साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७३). मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशशास्त्र, साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२). नेपाली उपन्यास र उपन्यासकार. (तेस्रो संस्क), साझा प्रकाशन ।

भट्टराई, रमेशप्रसाद (२०७०). “सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू”. भृकुटी, पूर्णाङ्क १९, ३३४-३६४ ।

शर्मा, हीरामणि (२०६१). समालोचनाको बाटोमा. (तेस्रो संस्क), साझा प्रकाशन ।

सिंह, कुँवरपाल (२०६७). ‘‘मार्क्सवाद र साहित्य’’. मार्क्सवादी साहित्यचिन्तन. निनु चापागाईं, (सम्पा.), साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०५३). नेपाली उपन्यास : परम्परा र प्रवृत्ति, भूमिका प्रकाशन ।

Gramsci, A. (2012). *The Prision Notebook* (11th Edn.), Lawrence & Bisehart.

http://www.marxists.org/reference/archive/althusser/1970/ideology.htm (1 of 52) [3/3/2013 5:13:37 PM]